निर्णयहरु :-

१. मिति २०७६/०३/२६ गते साँझदेखि परेको अविरल बर्षाको कारण विभिन्न स्थानहरुमा घटेका घटना (बाढी, पहिरो) हरुमा परी दिवंगत हुनुहुने व्यक्तिहरुका परिवारहरुमा हार्दिक समवेदना प्रकट गर्ने र घाईते व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने,

२. आजका मितिसम्म अविरल वर्षाका कारण जिल्लाको विभिन्न स्थानहरुमा घटेका विपद्का घटना (बाढी, पहिरो र सडक मार्गहरु अवरुद्ध हुने) का समयमा उद्दारमा खटिने सम्पूर्ण सुरक्षाकर्मी, स्थानीय सरकार र स्थानीय नागरिकहरुलाई हार्दिक धन्यवाद दिने,

३. वर्षाका कारण अझ विपद्का घटना (बाढी, पहिरो र सडक मार्गहरु अवरुद्ध हुने) हरु हुन सक्ने भएकोले सबै सुरक्षा निकायहरुसँग उपलब्ध श्रोत सहित उच्च सतर्क अवस्थामा रहने,

४. वर्षाका कारण बाढी, पहिरोहरु आई भएको क्षतिको राहत तथा उद्दारका लागि सहयोग उपलब्ध गराउन प्रदेश सरकार, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाईटी तथा सरकारी/गैरसरकारी संस्थाहरुलाई अनुरोध गर्ने,

५. पूर्व-पश्चिम लोक मार्ग, त्रिभुवन लोकपथ, कान्ति लोकपथ, कुलेखानी-सिस्नेरी, कुलेखानी-फाखेल लगायतका सडक मार्गहरुमा भएका र हुन सक्ने अवरोध तत्काल हटाउन हेभि इक्यूपमेण्ट डिभिजन र सडक डिभिजन कार्यालय, हेटौंडालाई चालक र इन्धन सहित परिचालन गर्ने,

६. खानेपानी सहज व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई डिभिजन नं.१, हेटौंडा, मकवानपुर र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई निर्देशन दिने,

७. विद्युतको नियमित आपूर्तिका लागि नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई निर्देशन दिने,

८. जिल्लाको राप्ती नदी, कर्रा खोला, बागमती नदी र बकैया खोला लगायतका तटिय क्षेत्रहरुमा डुवान र बाढी आएकोले आगामी दिनहरुमा पनि डुवान/कटान तथा बाढी आउने सक्ने भएकोले सो क्षेत्रका उ.म.न.पा., गाउँपालिका एवं स्थानीय नागरिकहरुलाई सतर्क रहन अनुरोध गर्ने,

९. कुलेखानी ड्यामको पानी खतराको लेवल पार गर्न सक्ने अवस्था रहेकोले तटिय क्षेत्रका गाउँपालिका र स्थानीय नागरिकहरुलाई सतर्क रहन अनुरोध गर्ने,

१०. मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिका वडा नं. २ मा रहेको इन्द्रसरोवर (कुलेखानी) ड्यामको पानीको अधिकतम् लेवल समुद्री सतहबाट १५३० मिटर रहेकोमा हाल समुद्री सतहबाट पानीको लेवल १५२५.८२ मिटर भइसकेको । निरन्तर बर्षाबाट पानी जम्मा भइरहेको पानीबाट सरोवरमा प्रतिघण्टा करिब २ मिटरको दरले पानीको सतह भरिदै गएको हुँदा ड्यामबाट पानी Overflow भई कुलेखानी, सिस्नेरी खोला र बागमती नदीको तटीय क्षेत्रमा ठुलो जनधनको क्षति हुन सक्ने भएकोले ड्यामको पानीलाई सुरक्षित लेवलमा राख्न नियन्त्रित निकासको व्यवस्था गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गर्ने साथै सो आसपासमा रहेका मकवानपुर जिल्लाको इन्द्रसरोवर गा.पा., भीमफेदी गा.पा. र बागमती गा.पा. एवं सुरक्षा निकायहरु मार्फत् सो क्षेत्र असपासका सर्वसाधारणहरुलाई सतर्क रहन अनुरोध गर्ने, साथै छिमेकी जिल्लाहरु सिन्धुलीको हरिहरपुर गा.पा.,ललितपुरको बागमती नदी, रौतहट र सर्लाहीको तटीय क्षेत्रका स्थानीय वासीहरुलाई सतर्क रहन ललितपुर, सिन्धुली, रौतहट र सर्लाही जिल्लालाई अनुरोध गर्ने,

११. नेपाल टेलिकमले आफ्नो मातहतका सूचनाका प्रविधिहरु र सञ्चारका माध्यमहरुलाई पूर्ववत अवस्थामा सञ्चालन गर्न निर्देशन दिने,

१२. जिल्लामा पर्न सकने विपद्लाई व्यवस्थित गरी आवश्यक उपकरण जिल्ला आपतकालीन सञ्चालन केन्द्र (DEOC) स्थापना गरी सञ्चालन गर्नका लागि नेपाल सरकार गृह मन्त्रालयको राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई अनुरोध गर्ने,

१३. बाढी पश्चात हुन सकने महामारी फैलन रोक्नका लागि जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत सबै स्वास्थ संस्थाहरुलाई प्राथमिक उपचार सामग्री सहित स्थानीय स्तरमा परिचालित हुन निर्देशन दिने,

१४. राहत सम्वन्धी

- ✓ मानविय क्षेति भएका घर परिवारका लागि तत्काल राहत रकम लिन आउन स्थानीय तह मार्फत अनुरोध गर्ने,
- ✓ घाइते परिवारका सदस्यहरुलाई सरकारी अस्पतालका विल सहित भुक्तानी लिन आउन अनुरोध गर्ने,
- ✓ घरवास नै क्षति भएको परिवारका हकमा क्षेत्रीय आपतकालीन सञ्चालन केन्द्र मार्फत टेण्ड, त्रिपाल लगायत बन्दोवस्तीका सामग्री वितरण गर्ने ।

१५. वर्षाका कारण भएका क्षेतिको विवरण संकलन र आद्यवधिक गर्न ३ दिन भित्र सबै पालिकाहरुमा अनुरोध गर्ने,

१५. जोखिमयुक्त वस्ती स्थानान्तरण गर्नु पर्ने भएमा सबै पालिकाहरुमा सोको विवरण माग गर्ने,

१६. बाढी, पहिरो, कटान तथा डुबानबाट निर्माण हुँदै गरेका तर पूरा सम्पन्न नभएका भौतिक संरचनाहरुमा भएको क्षतिका सन्दर्भमा विवरण एकिन गरी अर्को बैठकमा पेश गर्ने ।